RIVA GEDSI TA AND GRANTS FACILITY

UK International Development — Partnership | Progress | Prosperity

Social Development Direct

PLAN INTERNATIONAL — Until we are all equal

# एफसीडीओ रिभा अनुदान सुविधाको सुरुवात

## अवधारणा पत्रहरूका लागि आह्वान

## पृष्ठभूमि

फरेन, कमनवेल्थ एन्ड डिभेलपमेन अफिसको (एफसीडीओ) अधिकार, समावेशीकरण, आवाज र एजेन्सी (रिभा) लैङ्गिक समानता, अपाङ्गता समावेशीकरण र सामाजिक समावेशीकरण प्राविधिक सहायता र अनुदान सुविधाले नेपालमा महिला, बालिका र सीमान्तकृत समूहहरूलाई आफ्ना अधिकार दाबी गर्न, आफ्नो एजेन्सीलाई सुदृढ बनाउन र समावेशी नीति निर्माणमा अर्थपूर्ण ढङ्गले सहभागी हुन सशक्तीकरण गर्ने प्रयास गर्दछ । यो कार्यक्रम सोसल डेभलपमेन्ट डाइरेक्ट (एसडिडाइरेक्ट) र प्लान इन्टरनेशनल युके र नेपालद्वारा कार्यान्वयन गरिएको हो ।

यस कार्यक्रमको अनुदान सुविधा नेपालका व्यक्ति र संस्थाहरूलगायत नागरिक समाजका[1] विभिन्न पक्षहरूलाई एक पटक लचिलो र उत्प्रेरक अनुदान प्रदान गर्न सुरु गरिएको हो। यी अनुदानहरू महिला, बालिका र सीमान्तकृत समूहहरूका लागि महत्त्वपूर्ण सवालहरूमा अधिकारलाई अगाडि बढाउनुका साथै लैसअसास का सम्बन्धमा दीगो सामाजिक परिवर्तनको वकालत गर्ने संस्था र व्यक्तिहरू बिच सामूहिक कार्य र आन्दोलन निर्माणलाई टेवा प्रदान गर्ने उद्देश्यले प्रदान गरिएको हो ।

## अनुदान

हामी **समावेशी स्थानीय नेतृत्व** विषय अन्तर्गत व्यक्ति र संस्थाहरूलाई टेवा प्रदान गर्न **उत्प्रेरक** अनुदान प्रदान गर्ने प्रयास गरिरहेका छौँ । हामी 'उत्प्रेरक' लाई 'ठूलो' परिणाम दिने सम्भावना भएको कुराको रूपमा परिभाषित गर्छौं । यो त्यस्तो विषय हुन सक्छ, जसले नयाँ विचार वा नेताहरूको उदय

[1] नागरिक समाज भन्नाले कसैको दवाब विना सङ्गठित भएका वा अन्तरक्रिया गर्ने मानिसहरूको समूहलाई बुझाउँछ । यी समूहहरूका माध्यमबाट व्यक्तिहरूले उनीहरूले साझा रूपमा पहिचान गरेका साझा आवश्यकता, अवधारणा, रुचि, मूल्यमान्यता, आस्था र विश्वासहरूको सम्बोधन गर्न व्यक्तिगत वा सामूहिक कार्यहरू अगाडि बढाउँछन् । साथै यस्ता समूहहरू औपचारिक, अर्धऔपचारिक वा अनौपचारिक प्रकारका संघहरू र तिनमा संलग्न व्यक्तिहरूलाई समेत नागरिक समाज भनिन्छ । नागरिक समाज राज्य, निजी नाफामुखी उद्यम र परिवारभन्दा फरक हुन्छ । (विकास सहयोग र मानवीय सहायतामा नागरिक समाजलाई सक्षम बनाउनेसम्बन्धी DAC सिफारिसबाट OECD को परिभाषा)

हुनका लागि वातावरण सिर्जना गर्दछ वा अर्को कदम अगाडि बढाउन विद्यमान पहललाई टेवा प्रदान गर्दछ । हामी 'समावेशी स्थानीय नेतृत्व' लाई ऐतिहासिक रूपमा सीमान्तकृत समूहहरूमा जानाजानी ध्यान केन्द्रित गर्दै, आफ्नो ज्ञान, सीप र जीवनका भोगाइहरूको आधारमा आफ्नो जीवनमा प्रभाव पार्ने विषयहरूलाई सम्बोधन गर्न र त्यसबारे निर्णय लिन नेतृत्व गर्ने, साथै आफ्नो समुदायका लागि समानता, समावेशिता र न्यायलाई प्रवर्द्धन गर्ने विविध र समावेशी व्यक्ति र समूहहरूको समूहका रूपमा परिभाषित गर्छौं ।

- **नेरू १,००,०००** (एक लाख नेपाली रुपैयाँ) देखि **नेरू १०,००,०००** (दश लाख नेपाली रुपैयाँ) सम्मका लगभग १२-१५ वटा अनुदान (ठुला अनुदानहरु दुइ वा दुइभन्दा बढिको समुहमा आवेदन दिनेहरूका लागि) ।
- परियोजनाहरू **चार महिनासम्मको** छोटो कार्यान्वयन अवधिका लागि हुने छन् (सबै अनुदान परियोजनाहरूले १५ जुलाई र ३० नोभेम्बर बिचमा गतिविधिहरू कार्यान्वयन गर्नुपर्ने छ र १५ डिसेम्बर २०२६ सम्ममा अन्तिम प्रतिवेदन बुझाउनुपर्ने छ ) ।
- सफल आवेदकहरूले आवश्यकता अनुसार क्षमता अभिवृद्धि सहायताका साथै अन्य अनुदान साझेदारहरूसँग सहजीकरण गरिएका सम्बन्धहरू मार्फत अन्य सहकर्मी सिकाइका अवसरहरू प्राप्त गर्नेछन् । सबै परियोजनाहरूको कार्यान्वयन समाप्त भएपछि हामी सबै अनुदान साझेदारहरूलाई सिकाइ कार्यशालामा सामेल हुन आमन्त्रित गर्ने छौं ।
- 'समावेशी स्थानीय नेतृत्व' विषयभित्र प्रोत्साहित गरिएका अवधारणाका उदाहरणहरू : सामाजिक आन्दोलनहरू[2] बीचको सहकार्य, विशेष सवालमा सामूहिक कार्यहरू, सीमान्तकृत समूहहरूसँग सान्दर्भिक प्राथमिकताहरूलाई प्रभाव पार्न र आकार दिन स्थानीय सरकारहरूसँगको सहकार्य, सीमान्तकृत समूहका व्यक्तिहरूद्वारा नेतृत्व गरिएका प्रयासहरू, समावेशी डिजिटल/अनलाइन परियोजनाहरू, 'आवाज र एजेन्सी' र समानता र समावेशीकरणलाई टेवा प्रदान गर्ने जीवनका भोगाइहरू र परम्परागत ज्ञान/अभ्यासहरूमा आधारित परियोजनाहरू ।

---

[2] आन्दोलनहरू भनेको राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा अधिकार र न्यायका लागि अभियान चलाउन सीमान्तकृत समूहहरू र उनीहरूका संगठनहरूको नेतृत्वमा व्यापक सामाजिक संगठन र परिचालन हो । तिनमा नागरिक समाज सङ्गठन र अभियन्ता, शिक्षाकर्मी, पत्रकार, वकिल र ट्रेड युनियनकर्मीहरू लगायत अन्य सरोकारवाला समूह वा व्यक्तिहरू पर्दछन् । (Womankind Worldwide ले परिवर्तनकामीहरूसँग उभिँदा: महिला आन्दोलनहरूलाई टेवा प्रदान गर्दा सिकेका पाठहरू मा दिएको महिला आन्दोलनको परिभाषाबाट रूपान्तरित ।)

## कसले आवेदन गर्न मिल्छ

हामी काठमाडौँ उपत्यका, लुम्बिनी तथा मधेश प्रदेशका निम्नलगायतका व्यक्ति तथा संस्थाहरूबाट विचारहरू (अवधारणा पत्रहरू) स्वागत गर्दछौं:

- समानता र समावेशीकरणमा रुचि र नेतृत्व प्रदर्शन गर्ने र महिला, बालिका र अन्य सीमान्तकृत समूहका अधिकारको प्रवर्द्धन गर्ने व्यक्तिहरू (शिक्षाविद्, कलाकार, समुदायका अगुवा, निजी क्षेत्र, मिडिया, अनुसन्धानकर्ता आदि लगायत) ।
- अपाङ्गता भएका व्यक्तिहरूको संस्थाहरू, महिला अधिकार संस्थाहरू, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायहरु, जात र जातीयतामा आधारित समूहहरू, युवा समूहहरू लगायत सीमान्तकृत समूहहरूको नेतृत्वमा सञ्चालित वा तिनको प्रतिनिधित्व गर्ने साना संस्थाहरू ।
- सीमान्तकृत समूहहरूको नेतृत्वमा वा तिनको प्रतिनिधित्व गर्ने दुई वा बढी संस्थाहरूका अनौपचारिक समूह वा संघहरू
- दर्ता भएका संस्थाका प्रतिनिधिहरू (गैर-नाफामुखी संस्था, संघ, प्राज्ञिक सभा, आदि)

## आवेदन प्रक्रिया

दुई-चरणीय प्रक्रिया:

- **पहिलो चरण**: अवधारणा पत्र पेस गर्ने (अनलाइन फाराम प्रयोग गरेर, पूरा भएको ढाँचा इमेल गरेर वा भिडियो आवेदन)
- **दोस्रो चरण**: विवरणात्मक र वित्तीय प्रस्तावहरू, साथै समानुपातिक, हल्का उचित जाँचबुझका (ड्यु डिलिजेन्स) लागि आवश्यक सहायक कागजातहरू समावेश गरी पूर्ण प्रस्ताव पेस गर्ने, (पहिलो चरणमा पेस गरिएको अवधारणा छनोट भएको सूचना प्राप्त भएको दुई हप्ताभित्र)

पहिलो चरणमा छनोट भएका व्यक्ति/संस्थाहरूलाई पूर्ण प्रस्ताव पेस गर्न आमन्त्रित गरिने छ र उनीहरूले चाहेमा पूर्ण प्रस्ताव तयार गर्न प्राविधिक सहयोग प्रदान गरिने छ । तपाईंसँग रोचक विचारहरू छन् र परिवर्तन ल्याउन र/वा अरूलाई प्रभाव पार्ने अधिक क्षमता प्रदर्शन गर्नुहुन्छ तर पहिले प्रस्ताव आवेदन गरेको अनुभव छैन भने, हामी तपाईंलाई पूर्ण प्रस्ताव तयार गर्न सहयोग प्रदान गर्न सक्छौं । निमन्त्रणा पठाइसकेपछि प्रस्ताव पेस गर्न दुई हप्ताको समय हुने छ । दोस्रो चरणमा पूर्ण

प्रस्ताव पेस गर्न आमन्त्रित व्यक्ति/संस्थाहरूलाई प्रस्तावको ढाँचा र सहायक जानकारी पछि प्रदान गरिने छ ।

अवधारणा पत्र र प्रस्तावहरूको समीक्षा रिभा लैसअसास प्राविधिक सहयोग र अनुदान सुविधा कार्यक्रमको टोली, बेलायती दूतावास काठमाडौँ (बेक) र बेकको समावेशी नेतृत्व सल्लाहकार समिति[3] का प्रतिनिधिहरू सम्मिलित छनोट समितिले गर्ने छ । अनुदान वितरणको क्रममा आवश्यकता र सहमतिअनुसार लैसअसास, सुरक्षाका उपायहरू, अनुगमन र रिपोर्टिङ, वित्त र अन्य क्षेत्रहरूमा थप क्षमता अभिवृद्धि प्रदान गरिने छ ।

हाम्रा ढाँचाहरू सरल पहुचयुक्त छन् र अङ्ग्रेजी र नेपाली दुवै भाषामा उपलब्ध छन् ।

## आवेदन गर्नका लागि (निम्नमध्ये एउटा छान्नुहोस्):

१) हाम्रो अनलाइन फाराम प्रयोग गर्नुहोस् (व्यक्तिहरू र संस्थाहरूका लागि छुट्टाछुट्टै, नेपाली र अंग्रेजीमा)

- व्यक्तिहरूका लागि: https://forms.cloud.microsoft/e/kpNyC165PV
- संस्थाहरूका लागि: https://forms.cloud.microsoft/e/1HP8LUDVim

वा

- सम्बन्धित फाराम यहाँबाट https://tinyurl.com/RIVAgrants डाउनलोड गर्नुहोस् र भरेर इमेल गर्नुहोस्: RIVAgrantsfacility@sddirect.org.uk

वा

२) भिडियो आवेदन - माथिको लिङ्कमा रहेको अवधारणा पत्रको ढाँचामा रहेका सबै प्रश्नहरूको उत्तर दिँदै आफ्नो भिडियो बनाउनुहोस् (अधिकतम १० मिनेट) । विषयमा 'भिडियो आवेदन' राखेर भिडियोको लिङ्क RIVAgrantsfacility@sddirect.org.uk मा इमेल गर्नुहोस् । कृपया हामीले भिडियो हेर्न मिल्ने गरि एक्सेस रहेको सुनिश्चित गर्नुहोस् ।

[3] उक्त समिति जीवनमा प्रत्यक्ष भोगेका व्यक्ति र प्राविधिक अभ्यासकर्मीहरू लगायत विभिन्न सीमान्तकृत समुदायका व्यक्ति र समूहहरूको प्रतिनिधित्व गर्ने सदस्यहरूको विविध समूह मिलेर गठन भएको छ। समितिले GEDSI मा BEK लाई मार्गदर्शन र सहयोग प्रदान गर्दछ।

आवेदनहरू नेपाली, अङ्ग्रेजी वा नेपाली साङ्केतिक भाषामा दिन सकिने छ । यदि तपाईं आवेदन दिनका लागि अर्को स्थानीय भाषा प्रयोग गर्न चाहनुहुन्छ भने कृपया हामीलाई इमेल गर्नुहोस्; हामी त्यो भाषालाई नेपाली वा अङ्ग्रेजी भाषामा अनुवाद गर्न सकिन्छ कि सकिँदैन भनेर बुझ्ने छौँ ।

**आवेदन बुझाउने अन्तिम मिति**: बुधवार, १० जुन २०२६, नेपाली समयअनुसार राति ११.५९ बजे (**कृपया सो मितिभन्दा पहिले नै पेस गर्ने बारेमा विचार गर्नुहोस् किनकि हामी आवेदन पाउने बित्तिकै क्रमिक रूपमा आवेदनहरूको समीक्षा गर्न सुरु गर्ने छौं!**)

छानिएका परियोजनाहरूको निम्ति वित्तीय प्रतिबद्धता पेश गरिएको प्रस्ताव र उपलब्ध कुल बजेटमा निर्भर गर्दछ।

## थप जानकारीका लागि:

हामी ९० मिनेटका नि:शुल्क कार्यशालाहरू आयोजना गर्ने छौँ (दुई अनलाइन र दुई प्रत्यक्ष उपस्थितिमा कार्यशालाहरू) । कार्यशालामा निम्न कुराहरू समेट्ने छौँ: स्थानीय नेतृत्वको विषय, योग्यता मापदण्ड, छनोट प्रक्रिया, हाम्रो सहायताको सन्दर्भमा तपाईंले के अपेक्षा गर्न सक्नुहुन्छ र रिपोर्टिङ मापदण्डहरू लगायत अन्य विषयहरू । यी कार्यशालाहरू पहुँचयुक्त हुने छन्, साङ्केतिक भाषामा अनुवाद प्रदान गरिने छ । तपाईंलाई यथोचित समायोजन चाहिन्छ भने, कृपया हामीलाई RIVAgrantsfacility@sddirect.org.uk मा इमेल गर्नुहोस् र हामी यसको समन्वय गर्न सक्दो प्रयास गर्ने छौँ । कृपया ध्यान दिनुहोस्, सम्भावित आवेदकहरूले प्रत्यक्ष उपस्थितिमा हुने कार्यशालाहरूमा भाग लिन लाग्ने खर्च आफैँ बेहोर्नुपर्ने छ । **हामी सबै कार्यशालाहरूमा उही जानकारी प्रदान गर्नेछौं।**

कृपया आउनुहोस् र हाम्रो टोलीसँग भेट्नुहोस्!

**अनलाइन कार्यशाला १:** शुक्रवार, २९ मे २०२६, नेपाली समय अनुसार दिउँसो १.०० बजे - २.३० बजे https://teams.microsoft.com/meet/363015110512197?p=MEzDFhXzgNDnlOt9oh

**लुम्बिनी प्रदेश:** सोमवार, १ जुन २०२६, नेपाली समय अनुसार बिहान नेपाली समयअनुसार १०.०० बजे - ११.३० बजे, सिद्धार्थ होटल, नेपालगञ्ज, बाँके (हामीलाई पुर्व तयारीको लागि मद्दत गर्नका लागि रिभा अनुदान सुविधा शुभारम्भ कार्यशालाको लागि पूर्व-दर्ता फारम – Fill out form भर्नुहोस्, सिधै आएर सामेल हुन पनि सकिन्छ)

**मधेश प्रदेश:** बुधवार, ३ जुन २०२६, नेपाली समय अनुसार बिहान १०.०० बजे - ११.३० बजे, मिथिला यात्री निवास, जनकपुर, धनुषा (हामीलाई पुर्व तयारीको लागि मद्दत गर्नका लागि रिभा अनुदान सुविधा शुभारम्भ कार्यशालाको लागि पूर्व-दर्ता फारम – Fill out form भर्नुहोस्, सिधै आएर सामेल हुन पनि सकिन्छ)

**अनलाइन कार्यशाला 2:** शुक्रवार, ५ जुन २०२६, नेपाली समय अनुसार बिहान १०.०० बजे - ११.३० बजे, https://teams.microsoft.com/meet/311869663861675?p=7JgmfeEiUU2qGjXjnb

## उचित जाँचबुझ (ड्यु डिलिजेन्स/Due diligence)

हामी अनुदान प्रक्रिया निष्पक्ष हुने, प्रकाशित अवधारणा पत्रको आह्वानअनुसार हुने, र ठगी, गैरकानुनी गतिविधिहरू तथा अन्य अनुचित आचरणविरुद्ध सुरक्षा उपायहरू लागू हुने सुनिश्चित गर्नेछौं।

हामीसँग अवधारणा पत्रको आह्वान परिमार्जन गर्ने अधिकार सुरक्षित छ । यदि त्यस्तो भएमा, संशोधित आह्वान सबै आवेदकहरूलाई इमेल गरिने छ ।

हामी पहिलो र दोस्रो चरण, दुवैमा सबै व्यक्ति र संस्थाहरूको समानुपातिक ड्यु डिलिजेन्स मूल्याङ्कन गर्ने छौँ, दोस्रो चरण प्रस्ताव पेस गर्दा मात्र सहायक कागजातहरू बुझाउनुपर्ने छ ।

## भेदभाव नगर्ने नीति

अनुदान साझेदारहरूले (व्यक्ति र संस्थाहरूले) परियोजना वा क्रियाकलापहरूले उमेर, अपाङ्गता, जात, जातीयता, लिङ्ग, लैङ्गिक पहिचान, विवाह वा अनौपचारिक विवाह, गर्भावस्था र मातृत्व, नश्ल, धर्म वा आस्था, लिङ्ग र यौनिक झुकावको आधारमा भेदभाव नगर्ने सिद्धान्तलाई समर्थन गर्ने कुरा सुनिश्चित गर्नुपर्ने छ ।

## डाटा गोपनीयता

सबै अवधारणा पत्रहरू छनोट समितिले मात्र खोल्न मिल्ने सुरक्षित फोल्डरमा राखिनेछ ।

हामीलाई प्रदान गरिने कुनै पनि डाटा सुरक्षित रूपमा र प्रचलित डाटा सुरक्षा सिद्धान्तहरू र कानुनको पूर्ण पालना गरी गरिने कुरा सुनिश्चित गर्न हामी प्रतिबद्ध छौँ । हामी व्यक्तिगत डेटा स्पष्ट रूपमा परिभाषित र वैध प्रयोजनका लागि मात्र सङ्कलन र प्रयोग गर्ने छौँ, यसलाई गोप्य राखिने र आधिकारिक कर्मचारीहरूले जति विवरण आवश्यक पर्ने हो त्यति विवरण मात्र हेर्न सक्ने कुरा

सुनिश्चित गर्ने छौँ । प्रदान गरिने कुनै पनि डाटा र विवरणलाई अनधिकृत पहुँच, क्षति वा दुरुपयोगबाट सुरक्षित राख्न उपयुक्त प्राविधिक र सङ्गठनात्मक उपायहरू अपनाइने छ र यी डाटा वा विवरणलाई सुरक्षित रूपमा नष्ट गर्नुअघि आवश्यक भएको अवधिसम्म मात्र कायम राखिने छ ।

## आवेदक प्रतिक्रिया प्रक्रिया

आवेदनहरूको संख्यालाई ध्यानमा राखेर, हामी प्रतिक्रियाका लागि लिखित अनुरोध प्राप्त भएपछि मात्र असफल आवेदकहरूलाई प्रतिक्रिया प्रदान गर्ने छौँ । अनुरोध प्राप्त भएको दुई (२) महिनाभित्र प्रतिक्रिया प्रदान गरिने छ ।

## स्वार्थको द्वन्द्व

अनुदान साझेदारले परियोजना कार्यान्वयन गर्दा व्यावसायिक र नैतिक ढङ्गले गर्नुपर्ने छ । अनुदान परियोजनाहरूको आवेदन, छनोट र कार्यान्वयनको क्रममा सम्भावित वा कथित स्वार्थको द्वन्द्वहरू उत्पन्न हुन सक्छन् ।

निम्न स्थितिहरमा स्वार्थको द्वन्द्व वा कथित स्वार्थको द्वन्द्व उत्पन्न हुन सक्छ, यदि छनोट समितिको कुनै सदस्य र/वा तपाईं वा तपाईंको कुनै कर्मचारीको:

३) आवेदन छनोट प्रक्रियालाई प्रभाव पार्न सक्ने कुनै पक्षसँग व्यक्तिगत, वित्तीय र व्यावसायिक लगायत कुनै पनि सम्बन्ध भएमा ।
४) प्रस्तावित क्रियाकलापहरू निष्पक्ष र स्वतन्त्रतापूर्वक सञ्चालन गर्न आवेदकहरूलाई हस्तक्षेप गर्न वा प्रतिबन्ध लगाउन सक्ने सम्भावना भएको कुनै संस्थासँग सम्बन्ध भएमा ।
५) सो संस्थाले अनुदान अन्तर्गत रकम प्राप्त गरेमा उनीहरूले व्यक्तिगत लाभ प्राप्त गर्ने खालको सम्बन्ध वा त्यसमा कुनै स्वार्थ भएमा ।

अनुदान परियोजना आवेदन, छनोट र कार्यान्वयन प्रक्रियाको क्रममा उत्पन्न हुने कुनै पनि वास्तविक, कथित वा सम्भावित स्वार्थको द्वन्द्व पहिचान गर्ने र घोषणा गर्ने जिम्मेवारी सबै आवेदक र छनोट समितिका सदस्यहरूको हुने छ ।

हामी तपाईंलाई आफ्नो आवेदनमा, कुनै पनि कथित वा विद्यमान स्वार्थको द्वन्द्व भएको वा तपाईंको जानकारीमा भएसम्म, कुनै स्वार्थको द्वन्द्व नभएको घोषणा गर्न अनुरोध गर्नेछौं । तपाईंले पछि

अनुदान आवेदनको सम्बन्धमा वास्तविक, स्पष्ट वा सम्भावित स्वार्थको द्वन्द्व भएको वा उत्पन्न हुन सक्ने कुरा पहिचान गर्नुभयो भने, तपाईंले हामीलाई तुरुन्तै लिखित रूपमा जानकारी गराउनुपर्ने छ ।

छनोट समितिका सदस्यहरूले कुनै पनि अनुदान मूल्याङ्कन वा छनोट प्रक्रियामा भाग लिनुअघि कुनै पनि स्वार्थको द्वन्द्वको घोषणा गर्नुपर्ने छ ।

## उजुरी

अनुदान प्रक्रियाको बारेमा सबै उजुरीहरू लिखित रूपमा कार्यक्रम निर्देशक एम्मा हेगम्यान समक्ष EmmaHaegeman@sddirect.org.uk मा दायर गर्नुपर्ने छ ।

थप जानकारी/सहायताका लागि कृपया हामीलाई RIVAgrantsfacility@sddirect.org.uk मा सम्पर्क गर्नुहोस् ।